हाल कोरोना परीक्षणको लागि प्रयोग हुने र्‍यापिड डाइग्नोष्टिक किट(आरडीटी)ले पनि कोरोना बिरुद्धको यही एण्टीवडी देखाउने हो । त्यसैले, द्रुत परीक्षण विधिबाट परीक्षण गर्दा पोजेटिभ देखिए कम्तिमा एक हप्ता अघि नै कोरोनाको संक्रमण भएको भन्ने बुझिन्छ किनभने कोरोनाको एण्टीवडी विकास हुन कम्तिमा ७ दिन लाग्छ । त्यसैले कोरोना संक्रमण भएको शुरूको अवस्थामा र्‍यापिड डाइग्नोष्टिक किटबाट जाँच गर्दा नेगेटिभ देखिन सक्छ। त्यसैले कोरोना संक्रमणको सुरुको हप्तामा आरटी पिसीआरबाट र दोस्रो हप्ता कटेपछि र्‍यापिड डाइग्नोष्टिक किटबाट परीक्षण गर्दा पोजिटिभ देखिने सम्भावना बढी हुन्छ । साधारणतय, आरडिटीबाट नेगेटिभ आएको तर आरटी पिसीआर जाँचबाट पोजेटिभ देखिएमा कोरोना संक्रमणको सुरुको अवस्था हो । दुवैमा पोजेटिभ आए कम्तिमा पनि दुई हप्ता अघि संक्रमण भएको भन्ने बुझिन्छ । आरटीडीमा पोजेटिभ र आरटी पिसीआरमा नेगेटिभ भए कम्तिमा ३ हप्ता अगाडि कोरोना संक्रमण भएको थियो र यसको विरुद्धको प्रतिरक्षा गर्ने एण्टीवडी उत्पादन भएको भन्ने बुझिन्छ ।

आरडीटी विधिबाट परीक्षण गर्दा नेगेटिभ भन्ने वित्तिकै कोरोना संक्रमण छैन भन्न मिल्दैन। आरटिडीबाट परीक्षण गर्दा नेगेटिभ आएको तर निजको कोरोना संक्रमित व्यक्तिसँगको संसर्ग वा सम्पर्क भएको ३ हप्ता काटेको छैन भने एक हप्ता पछि पुन आरटिडी गराउनु पर्छ। त्यस्ता व्यक्तिहरु जो संक्रमित व्यक्तिको संसर्गमा हुनुहुन्छ उनीहरूलाई आरटी पिसीआर विधिवाट परीक्षण गर्नुपर्छ। (हेर्नुहोस् चित्र २)

तलिका २: परीक्षण विधि र संक्रमणको दिन अनुसारको नतिजा आउने सम्भावना

| | १-७ दिन | ९-१४ दिन | १५ -३९ दिन |
|---|---|---|---|
| आरटी पिसिआर | पोजिटिभ<br>*संक्रमण छ* | पोजिटिभ<br>*संक्रमण छ* | पोजेटिभ (नेगेटिभको सम्भावना पनि रहन्छ)<br>*संक्रमण विस्तारै निको हुँदै जान्छ* |
| आरटीडी | नेगेटिभ<br>*संक्रमण हुन सक्छ तर एन्टीवडी उत्पादन नभएको अवस्था हुनसक्छ।* | पोजेटिभ (नेगेटिभको सम्भावना पनि रहन्छ)<br>*संक्रमण भएको र एन्टीवडी उत्पादन भएको अवस्था हो।* | पोजेटिभ<br>*संक्रमणको कारण एण्टीवडी उत्पादन भएको छ* |

*मार्च २८, २०२०मा प्रकाशित Juanjuan Zhao,et al. Antibody Responses to SARS-COV-2 in Patients of Novel Corona Virus 2019 लेखको आधारमा लेखिएको हो ।*

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं